राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव




वर्ष-१६ ।। अङ्क : २१५ ॥ २०८१ भाद्र ३१ गते सोमबार (16th Sep 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

# प्रचण्डलाई हत्यारा भनेपछि राजावादी र माओवादीबीच विवाद



झापा( प्रस) । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई चन्द्रगढी विमानस्थल बाहिर हत्यारा भन्ने चारजना राजावादीलाई प्रहरीले पक्राउ गरेको छ । चन्द्रगढी विमानस्थलमा विमान रद्ध भएर राति बास बस्नका लागि मेचीनगर ८ स्थित होटल मेची क्राउनतर्फ जाने क्रममा राजावादीहरुले प्रचण्डलाई हत्यारा भनेका थिए । सो राजावादीको समूह पूर्वराजा ज्ञानेन्द्र शाहलाई बिदाइ गर्न विमानस्थल आएको थियो । राजावादी समूहका तर्फबाट मेचीनगर १० धुलाबारी बस्ने २७ वर्षीय सोना गेलाललगायतले प्रचण्डलाई जथाभावी भनेको बताइएको छ । प्रचण्डको नजिकै गएर राजावादीहरुले प्रचण्ड हत्यारा मुर्दावाद भनेर नारा लगाएका थिए । त्यसपश्चात् नेकपा माओवादी केन्द्रका कार्यकर्ता र राजावादीहरुबीच विवाद भएको थियो । प्रचण्डलाई हत्यारा भन्ने गेलालसहित चारजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रवक्ता प्रहरी निरीक्षक मेहेगी ल्हामु तामाङले बताइन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई सोधपुछ भइरहेको उनले जानकारी दिइन् । हाल स्थिति सामान्य रहेको बताइएको छ ।

**दाहाल र शाहको फ्लाइट रद्ध**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र पूर्व राजा ज्ञानेन्द्र शाहको फ्लाइट खराव मौसमका कारण रद्ध भएको छ । पूर्व प्रधानमन्त्री तथा माओवादी अध्यक्ष दाहाल बुद्ध एयरको दिउँसो ४.२५ बजेको बुद्ध एयरको विमानबाट काठमाडौ फर्किन लागेका थिए । बुद्ध एयरको सेकेन्ड लास्टको ९६० विमान डिले भएर साँझ ६.३० बजे मात्र चन्द्रगढी विमानस्थल आइपुगेको थियो ।

त्यस्तै पूर्व राजा शाह बुद्ध एयरकै अन्तिम विमान ९०२ बाट फर्किन लागेका थिए । सो विमान पनि चन्द्रगढी विमानस्थलमा आइपुगेपनि खराव मौसमका कारण काठमाडौ फर्किन नसकेको चन्द्रगढी विमानस्थलका प्रमुख किशोरकुमार खत्रीले बताए ।

उनले बुद्धका दुईवटा र यति एयरलाइन्सका एउटा गरी तीनवटा विमान खराव मौसमका कारण उडान भर्न नसकेको जानकारी दिए । तीन वटा विमानको उडान रद्ध हुँदा धेरै यात्रुहरु अलपत्र परेका छन् । उडान रद्ध भएपछि प्रचण्ड होटल मेची क्राउनतर्फ गएका छन् भने शाह दमकको हिमालय गुडरिकमा गएर बास बसेको प्रहरीले जनाएको छ ।

# जबरजस्ती करणी मुद्दाका कैदी अस्पतालबाटै फरार



झापा(प्रस) । अस्पतालमा उपचाररत रहेका झापाका एक कैदीबन्दी फरार भएका छन् । भद्रपुर नगरपालिका-५ निवासी २४ वर्षीय जीवन साह फरार भएका हुन् । साहलाई झापा जिल्ला अदालतले १६ वर्षीया बालिकालाई जबरजस्ती करणी मुद्दाको आरोपमा पुर्पक्षका लागि भदौ ५ गते झापा कारागारमा चलान गरेको थियो । साह ओमसाईपाथीभरा अस्पताल भद्रपुरबाट आइतबार बिहान ३ बजेर ३७ मिनेटमा फरार भएको अस्पतालको सिसी टिभी क्यामराको फुटेजमा देखिन्छ । साहलाई उनकी श्रीमतीले स्कुटर चढाएर भगाएको क्यामराको फुटेजमा प्रस्ट देख्न सकिन्छ । निमोनिया भएपछि साहलाई भदौ २५ गते बिहान मेची प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो ।

त्यहाँबाट थप उपचारको लागि ओमसाइ पाथीभरा अस्पतालमा रेफर गरिएको थियो । ओमसाइको दोस्रो तलाको दुई नम्बर क्याबिनमा साह उपचारका लागि बसेका थिए । उनको सुरक्षाका लागि अस्पतालमै सहायक हवल्दार र प्रहरी जवान गरी दुई जना सुरक्षाकर्मी खटाइएको थियो ।

साह फरार भएको बेला अस्पतालमा प्रहरीसँग विवाद परेको थियो । दुई प्रहरीमध्ये एकजनाले मादक पदार्थ सेवन गरेर एक नम्बर क्याबिन ढकढकाएपछि विवाद भएको थियो । सोही मौका छोपी




# सरकार बनाउने र भत्काउने खेलमा लाग्दैनौ- प्रचण्ड

बिर्तामोड(प्रस) । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकार बनाउने र भत्काउने खेलमा माओवादी पार्टी नलाग्ने बताएका छन् । नेकपा माओवादी केन्द्र झापाले आइतवार बिर्तामोडस्थित सिटी सेन्टरमा आयोजना गरेको राजनीतिक प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले अब माओवादी सरकारमा जाने र नयाँ समिकरण बनाउने खेलमा नलाग्ने बताए । नेकपा माओवादी केन्द्र अब जनतासंग जाने र जनतालाई संगठित गर्दै अघि बढ्ने अध्यक्ष दाहालको भनाई छ । नेकपा एमाले र नेपाली कांग्रेसलाई २०८४ सालसम्म नै मिल्न र सरकार सञ्चालन गर्न शुभकामना दिएको बताएका अध्यक्ष दाहालले फेरि प्रचण्डजी मिल्न पऱ्यो भन्दै नआउन आग्रह गरे ।

कन्दङवासहित माओवादी केन्द्रमा प्रवेश

पुराना कम्युनिष्ट नेताका रुपमा परिचित लोकबन्धु कन्दङवा नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । आइतबार बिर्तामोडमा आयोजित राजनीतिक प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रमका बीच कन्दङवा माओवादी केन्द्रमा प्रवेश गरेका हुन्।

कन्दङवाको नेतृत्वमा ५ सयबढी मानिसहरू नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । कन्दङवा तत्कालीन अनारमनी नगरोन्मुख गाविसका उपाध्यक्ष हुन् । उनी नेकपा एमालेमा रहेर लामो समय राजनीतिमा क्रियाशील थिए ।कन्दङवासँगै सामाजिक अभियन्ता गोपाल मुखिया, एमाले जिल्ला सदस्यहरु मोहन योगी,सीता रणपहेली, जगत राई , संघीय लोकतान्त्रिक राष्ट्रिय मंचका जिल्ला सदस्य , जनता समाजवादी पार्टीका प्रदेश सदस्य मणि राई , झापा बिद्रोहका सहिद परिवार

नरेन्द्र घिमिरेलगायत करिव २ सय जना पार्टी प्रवेश गरेको जनाइएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, उपमहासचिव तथा १ नम्बर प्रदेश इन्चार्ज हरिबोल गजुरेल (शितलकुमार)ले उनीहरुलाई पार्टीमा स्वागत गरेका थिए ।

# सर्पदंश उपचार केन्द्रलाई अनुसन्धान केन्द्र बनाइने

• लक्ष्मी उप्रेती

मेचीनगर । झापाको मेचीनगर –१३ स्थित चारआलीमा रहेको सर्पदंश उपचार केन्द्रलाई अनुसन्धान केन्द्रका रुपमा विकास गरिने भएको छ । यसको तयारी समेत भईसकेको बताइएको छ । केन्द्रका सञ्चालक सदस्य हिरा पोखरेलका अनुसार यसका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष तथा ईन्टर्नल मेडिसिन विभागका प्रा.डा.सञ्जीवकुमार शर्माको नेतृत्वमा यस क्षेत्रमा पाईने विषालु र सामान्य प्रकारका सर्पहरुको अनुसन्धान गर्न जेनेभाबाट अनुसन्धानकर्ताहरु सर्पदंश उपचार केन्द्रमा अनुसन्धानका लागि आएर एक वर्षसम्म अनुसन्धान गरी त्यसको प्रतिवेदनसमेत नेपाल सरकारमा बुझाइ, विश्व स्वास्थ्य संगठनमा समेत यस क्षेत्रको स्वास्थ्य अवस्थाको प्रतिवेदन पेश भएको थियो ।



जेनेभाबाट आएको अनुसन्धानकर्ताहरुको टोलीले यस सर्पदंश उपचार केन्द्रलाई केही उपकरणसहित एन्टी स्नेक भेनम सिरम र एक वर्षभित्रमा बिषालु सर्पको टोकाईबाट बिरामी भएका बिरामीहरुले बुझाउनुपर्ने न्यूनतम शुल्क समेत उपलब्ध गराएको थियो । पोखरेलका अनुसार सर्प दंश उपचार केन्द्र सञ्चालन व्यवस्थापन समितिको हालै सम्पन्न २० औं साधारणसभाले समेत केन्द्रलाई यस क्षेत्रमा पाईने विषालु र सामान्य प्रकारका सर्पहरुको अनुसन्धान गर्न अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने प्रस्ताव अघि सारेको थियो । प्रस्तावप्रति सवैको सकरात्मक धारणा आएपछि केन्द्रले केन्द्र वरिपरिका मेचीनगर, विर्तामोड, भद्रपुर, अर्जुनधारा नगरपालिका र बुद्धशान्ति तथा हल्दिवारी गाउँपालिका गरी छ वटा पालिकाका प्रमुखहरुसहितको सल्लाहकार समिति निर्माण गरिएको छ ।

केन्द्रबाट २०६२/०६३ देखि २०८०/०८१ सम्म २० हजार एकसय २५ जना बिरामीले सेवा लिएका छन् । बिषालु सर्पको टोकाईबाट बिरामी भएका नौ सय १० जना मध्ये हालसम्म ३० जनाको मृत्यु भएको र आठ सय ८० जना बिरामीहरु बाँच्न सफल भएको केन्द्रको प्रतिवेदनमा उल्लेख छ । आठ हजार नौसय ६ जना पुरुष, आठ हजार तीनसय महिला दुईहजार नौ बालबालिका गरी कुल १९ हजार दुई १५ जनालाई सामान्य सर्पले टोकेको, तीन सय ९३ पुरुष, तीनसय ९२ महिला र ९५ बालबालिका गरी कुल आठ सय ८० जनालाई विषालु सर्पले टोकेको र ३० जनाको मृत्यु भएको केन्द्रले जनाएको छ ।

यस उपचार केन्द्रमा सर्पको टोकाईबाट झापा, मोरङ, सुनसरी, पूर्वी पहाडी जिल्लाहरु ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटालगायत सीमावर्ती भारतको पश्चिम बंगालको सिलिगुढी, नक्सलबारी,, खोरीबारी, बतासी, अधिकारीसहित विहार राज्यको गलगलिया, ठाकुरगञ्ज, डिगल बैंकक्षेत्रबाट समेत उपचारका लागि आउने गरेको अध्यक्ष दुर्गाप्रसाद भट्टराईको भनाई छ ।

नेपालमा पाइने ९० प्रजातिका सर्पमध्ये १८ प्रजातिका सर्प विषालु हुन्छन् । सर्प र सर्पदंश विषयमा विद्यावारिधि गर्दै रहेका अनुसन्धानकर्ताहरुका अनुसार विषालु सर्प अन्तर्गत गोमन, करेत र भाइपर गरी तीन किसिमका हुन्छन् । विषालु सर्प सामान्य सर्प

❖ बाँकी अन्तिम पृष्ठमा



# अनिल र मनिशाको फेसबुके मायाको दुःखद अन्त्य



बिर्तामोड(प्रस) । सामाजिक संजालमध्ये सबैभन्दा बढी चलेको फेसबुकको माध्यमबाट प्रेम सम्बन्ध बनाउने कतिपयको सफल भएको छ भने धेरैको असफल नै बनेको छ । मनिशा लोहार र अनिल विकबीचको फेसबुके मायाको पनि त्यसरी नै दुःखद अन्त्य भएको छ । फेसबुके माया गहिरो बन्न नसक्दा कैलाली गौरीगंगा नगरपालिका-३ बस्ने २० वर्षीय अनिलले आफ्नी प्रेमिका इलाम सूर्योदय नगरपालिका १० फिक्कलकी १९ वर्षीया मनिशालाई शुक्रवार साँझ अर्जुनधारा ६ को महानन्द चौकमा छुरा प्रहार गरी हत्या गरे ।

दुवैजना अढाई वर्षअघि फेसबुकबाट जोडिएका थिए । अनिलको घर कैलाली भएपनि उनी पूर्वतर्फ आइरहने भएकाले दुवैबीच बाक्लै भेटघाट भइरह्यो । उनी भारतको सिलिगुडीमा कपडाको मार्केटिङ गर्ने गरेका थिए । अनिलका परिवारका सदस्य सबै भारतमा बस्ने गरेका छन् । मनिशा बिर्तामोड नगरपालिका-५ पाथीभरा टोलमा डेरा बसेर एक मेनपावर कम्पनीमा काम गर्थिन् । दुवैको उमेर र जातले मिलेपनि स्वभाव नमिल्दा उनीहरुको प्रेम सम्बन्ध टिकेन । आवेशमा आएर अनिलले छुरा हानेर मनिशाको हत्या गरे । अनिल छिटो आवेशमा आउने गर्थे । 'छिटो टेम्परमा आउने मेरो स्वभाव मनिशालाई मन परेको थिएन 'प्रहरीसंगको बयानमा अनिलले भनेका छन् ।

शुक्रवार साँझ घटना भएको दिन भेट हुँदा कुराकानीकै क्रममा दुवैबीच विवाद भएको बताइएको छ । अनिलले दुईजना संगै बाटोमा हिड्दै आउँदा विवाद भएको बताएका छन् । तर, मनिशाका साथी सानीले अटोबाट उत्रिसकेपछि अनिलले मनिशालाई छुरा हानेको बताएकी छन् । अनिलले शुक्रवार साँझ ६.३० बजेतिर अर्जुनधारा ६ को महानन्द चोकमा आफ्नी प्रेमिका मनिशालाई छुरा प्रहार गरी हत्या गरेका थिए ।छुरा प्रहार गर्ने अनिललाई स्थानीयले प्रतिकार गर्दा उनी घाइते भएका छन् ।युवतीलाई छुरा प्रहार गरी गम्भीर घाइते बनाई भाग्ने क्रममा स्थानीय ब्यक्तिहरुले कुटपिट गरी अनिललाई घाइते बनाएको प्रहरीले जनाएको छ । अनिलको हाल प्रादेशिक अस्पताल भद्रपुरमा उपचार भइरहेको छ । उनको टाउकोमा ४ टाँचा लगाइएको छ भने आँखामा सामान्य चोट रहेको छ । उनको अबस्था सामान्य बन्दै गएको प्रहरीले जनाएको छ ।

# वैदेशिक रोजगार व्यवसायी संघद्वारा दुःख व्यक्त

बिर्तामोड(प्रस) । म्यानपावरमा कार्यरत कर्मचारीको हत्याप्रति वैदेशिक रोजगार व्यवसायी संघ झापाले घोर भर्त्सना गरेको छ । गत साउन २८ गते त्रिवेणी एचआर सोलुशन प्रालिको शाखा कार्यालय बिर्तामोडमा रिसेप्सन पदमा कार्यरत कर्मचारी अन्दाजी १९ बर्षिया मनिशा लोहारको हत्याप्रति संघले आइतवार बिज्ञप्ति जारी गर्दै घोर भर्त्सना गरेको हो । गत शुक्रवार कार्यालयबाट आफ्नो डेरातर्फ फर्कने क्रममा कैलालीका अनिल विकको छुरा प्रहारबाट सख्त घाइते भएकी मनिशालाई उपचारका लागि बीएण्डसी अस्पताल पुऱ्याउँदा पुऱ्याउँदै मृत्यु भएको थियो ।

उनको हत्याले वैदेशिक रोजगार व्यवसायी संघ झापासहित सिङ्गो वैदेशिक रोजगार व्यवसायीहरुलाई मर्माहत एवम् स्तव्ध तुल्याएको संघका अध्यक्ष धनबहादुर पन्धाकद्धारा हस्ताक्षरित बिज्ञप्तिमा उल्लेख छ । समाजमा घट्ने यस्ता अप्राकृतिक घटनाप्रति संघले घोर भर्त्सना गरेको छ । संघले उक्त घटनाको निष्पक्ष छानबिन गरि सत्य तथ्य बाहिर ल्याउँदै दोषीमाथि कडाभन्दा कडा कार्वाहीका लागि सम्बन्धित निकायसमक्ष माग गरेको छ ।

### जबरजस्ती...

साह फरार भएको अस्पताल स्रोतले जनाएको छ । साह फरार हुँदा हतकडी लगाएका थिएनन् । उनले श्रीमतीलाई पछाडि राखी स्कुटर आफै चलाएर गएका थिए । अस्पतालबाट कैदी फरार भएको घटना थाहा पाएलगतै जिल्ला प्रहरी कार्यालय झापा, वडा प्रहरी कार्यालय भद्रपुरको टोली उनको खोजी कार्यमा लागिपरेका छन् । फरार भएका साह भद्रपुर- ३ स्थित झोलुङ्गे पुल हुँदै मेचीपारि नाकाबाट भारततर्फ भागेको बताइएको छ । स्कुटरमा श्रीमान- श्रीमतीसँगै भाग्दै गर्दा त्यहाँ खटिएका सशस्त्र प्रहरीले समेत देखेका थिए । जिल्ला प्रहरी कार्यालय झापाका एसपी मिलन केसीका अनुसार अस्पतालमा उपचाररत रहेका बेला कैदी भागेको हो । उनको खोजीका लागि प्रहरी टोली परिचालन गरिसकेको उनले बताए । केही दिनअघि मात्र इलाका प्रहरी कार्यालय बिर्तामोडका एकजना थुनुवा हतकडी फुस्काइ बिर्तासिटी अस्पताल बिर्तामोडबाट फरार भएका थिए । फरार भएको चार दिनपछि भदौ ८ गते उनी बिर्तामोड बसपार्कबाट पक्राउ परेका थिए ।

**श्री विराट अर्जुन उपभोक्ता सहकारी संस्था लि.**

बिर्तामोड-४ , झापा

मिति- २०८१/०५/३१

**निर्वाचन कार्यक्रम भूलसुधार सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८१ भदौ २९ गते शनिवार प्रकाशित निर्वाचन कार्यक्रम सम्बन्धी सूचनामा क्र.स. १,२,३ मा समय तालिका क्रमश: बिहान १० बजेदेखि १२ बजेसम्म ,अपरान्ह १२ बजेदेखि १ बजेसम्म र १ बजेदेखि २ बजेसम्म हुनुपर्नेमा अन्यथा भएकोले सच्याई सम्पूर्ण शेयर सदस्यहरुलाई जानकारी गराई संशोधन गरी यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन समिति

### सर्पदंश...

भन्दा हिंस्रक स्वभावका हुन्छन् । सर्पको स्वभाव प्रजाति अनुसार भिन्न हुन्छ । विषालु करेत सर्पले न्यानो र तातो ठाँउ मन पराउने भएकाले यो सर्प प्रायः मानिसको नजिक आउन खोज्छ । यो सर्प दिउँसोभन्दा रातिको समयमा बढी सक्रिय हुन्छ ।

यसको मुख्य खाना मुसा हो भने यसले राती शिकार गर्ने गर्छ । शरीर कालो, सेतो, पहेंलो, टाटेपाङ्ग्रे हुन्छ । गोमन प्रजातिमा राज गोमन जातको सर्प जंगलमा बस्छ भने गोमन सर्पको पछाडि चस्मा आकारको चिन्ह हुन्छ । भाइपर जातिको सर्प मानिसको सम्पर्कमा त्यति आउँदैन । यसको बासस्थान जंगल हो । यसको ज्यान भुट्टेदार हुन्छ । यो विभिन्न रंगको हुन्छ ।

सर्प विशेषज्ञ समेत रहेका डाक्टर शर्माका अनुसार अहिले गर्मीसँगै वर्षातको समय हो । तराईमा सर्पको टोकाइबाट धेरैको मृत्यु हुने गरेको छ । कतिपयले समयमै उपचार नपाएर ज्यान गुमाउनु परेको छ । हामी कतिपयलाई तराईमा सर्प विषालु हुने तर पहाडका सर्पको विष नलाग्ने भन्ने भ्रम छ। पहाडका सर्प विषालु हुँदैनन् भन्ने कुरा एकदमै गलत हो । तराईमा पाइने मुख्य सर्प भनेको गोमन र करेत प्रजातिका हुन् । गोमनमा पनि फरक-फरक प्रजाति हुन्छन् । हामी कालो गोमन, सेतो गोमन, चस्मावाला, आँखावाला भन्छौं । करेतका पनि त्यस्तै ६ वटा प्रजाति छन् ।

यी मध्ये एउटा प्रजाति हिमालयन करेत जुन उच्च हिमाली क्षेत्रमा पाइन्छ । त्यो निकै विषालु हुन्छ । जसले डस्यो भने समयमै उपचार नपाए ज्यान पनि जान सक्छ । तर, हिमालयन करेतले हत्तपत्त डस्दैन।

nmc for good culture & prosperity NMC coop

असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

**३२ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

मिति : २०८१।५।३०

संस्थाको सञ्चालक समितिको मिति २०८१ भदौ २२ गते सम्पन्न अठारौं बैठकको निर्णय अनुसार संस्थाको ३२ औं वार्षिक साधारण सभा तपसिल अनुसारको तालिका बमोजिम एकाइगत तथा उपएकाइगत आधारमा साथै माइन्युट प्रमाणित सभा समेत सम्पन्न हुने भएको हुँदा सम्पूर्ण सदस्यहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. साधारण सभा प्रयोजनका लागि संस्थाका सम्पूर्ण सदस्यहरूलाई क्षेत्रगत आधारमा ७ वटा एकाइमा विभाजन गरिएको छ ।
२. साधारण सभा प्रयोजनका लागि प्रत्येक क्षेत्र अन्तर्गत पर्ने बचत तथा ऋण सेवाकेन्द्रहरूलाई सम्बन्धित क्षेत्रको उपएकाइ कायम गरिएको छ ।
३. निर्धारण गरिएका प्रत्येक क्षेत्र अन्तर्गतका उपएकाइहरूमा समान कार्यसूचीका आधारमा छलफल तथा निर्णय गरिनेछ ।
४. वि.सं. २०८१ असार मसान्तसम्म संस्थामा सदस्य बनिसकेका सदस्यहरुलाई मात्र साधारण सभामा सहभागी गराइनेछ ।
५. प्रत्येक उपएकाइगत साधारण सभामा संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको तर्फबाट सहभागिता रहनेछ ।
६. साधारण सभाका लागि तयार गरिएको प्रतिवेदन २०८१कात्तिक१० गते शनिबार सार्वजनिक गरिनेछ र सोही मितिबाट सदस्यहरूलाई वितरण प्रारम्भ गरिनेछ । साथै सोही मितिमा संस्थाको वेबसाइट र फेसबुक पेजमा अपलोड गरिनेछ ।सदस्यहरूलाई गरिएको साधारण सभा सम्बन्धी पत्राचारमा उल्लिखित क्यूआर कोडबाट लिंक स्क्यान गरेर पनि प्रतिवेदन अध्ययन गर्न सकिनेछ ।
७. प्रतिवेदन संस्था अन्तर्गतका सम्पूर्ण बचत तथा ऋण सेवाकेन्द्रहरूबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।
८. संस्थाको तर्फबाट सार्वजनिक वा वितरित प्रतिवेदनमा उल्लिखित कुनै विषयमा आफ्ना सुझावहरू पेस गर्नुपर्ने भए सदस्यहरूले मिति २०८१ कात्तिक ३०गते शुक्रबार कार्यालय समयसम्ममा आफ्ना सुझाव, जिज्ञासा तथा टिप्पणीहरू लिखित रूपमा नजिकैको एनएमसी बचत तथा ऋण सेवाकेन्द्रमा बुझाउन सकिनेछ ।
९. सुझाव पेस गर्दा सम्बन्धित सेवाकेन्द्र वा संस्थाको आधिकारिक इमेल ठेगानाcorporateoffice@nmc.coop.npमा इमेल समेत गर्न सकिनेछ ।
१०. प्रत्येक क्षेत्रगत एकाइ अन्तर्गतका उपएकाइहरूमा तपसिलमा उल्लेख भएबमोजिम दिउँसो ११:३० देखि ३:३० बजेसम्म साधारण सभाको आयोजना गरिनेछ ।

| मिति | एकाइ | क्षेत्र | उपएकाइ |
| --- | --- | --- | --- |
| २०८१ मंसिर २ गते आइतबार | १ | मेची | काँकरभिट्टा, चारआली, बुधबारे, धुलाबारी, बाहुनडाँगी, इँटाभट्टा, शान्तिनगर, खुट्टीडाँगी, भृकुटी र बौद्धमोड |
| २०८१ मंसिर ३ गते सोमबार | ७ | इलाम | फिक्कल, इलाम बजार, नयाँ बजार, मंगलबारे |
| २०८१ मंसिर ४ गते मंगलबार | २ | बिर्ता-अर्जुन | बिर्तामोड, शनिश्चरे, खुदुनाबारी, चारपाने, बुट्टाबारी, सैनिकमोड, गरामनी, सैनिकबजार, महानन्द चोक र दानाबारी |
| २०८१ मंसिर ५ गते बुधबार | ६ | मोरङ | कालीकोशी, उर्लाबारी, लेटाङ, रंगेली, बेलबारी, दाम्राभिट्टा, विराट चोक र बुढीगंगा |
| २०८१ मंसिर ६ गते बिहीबार | ३ | भद्रपुर-केचना | चन्द्रगढी, भद्रपुर, राजगढ, गोलधाप, सगरमाथा, बनियानी, पथरीया र बडाबारी |
| २०८१ मंसिर ७ गते शुक्रबार | ४ | कनकाई-रतुवा 'क' | सुरुंगा, शरणामती, घैलाडुब्बा, दुर्गापुर, झापा बजार र लक्ष्मीपुर |
| २०८१ मंसिर ८ गते शनिबार | ५ | कनकाई-रतुवा 'ख' | दुधे, शिवगञ्ज,कुञ्जीबारी,केर्खा, दमक, गौरीगञ्ज, गौरादह, बैगुनधुरा, ग्वालडुब्बा, चुलाचुली, फाल्गुनन्द चोक, डुडामारी र पाडाजुंगी |

११. उपएकाइगत साधारण सभाको स्थान सम्बन्धित सेवाकेन्द्रगत उपसमितिले निर्धारण गरेबमोजिम हुनेछ ।
१२. प्रत्येक उपएकाइगत साधारण सभाबाट माइन्युट प्रमाणितका लागि छानिएका ३/३ जना प्रतिनिधिका बिचमा २०८१ मंसिर १५गते शनिबार बिर्तामोडमा बिहान ११ देखि दिउँसो ४ बजेसम्म माइन्युट प्रमाणित सभाको आयोजना गरिनेछ ।
१३. उपएकाइगत रूपमा आयोजना हुने साधारण सभामा सहभागिताका लागि प्रत्येक उपएकाइका सदस्यहरूलाई पत्राचार गरिने छ । कारणवश पत्र प्राप्त हुन नसकेमा यसै सूचनालाई आधार मानी आआफ्नो उपएकाइको साधारण सभामा सहभागिताका लागि सदस्य महानुभावहरूमा अनुरोध गरिन्छ ।
१४. माइन्युट प्रमाणित साधारण सभाको विद्युतीय माध्यम (टेलिभिजन/एफएम/सामाजिक सञ्जाल) मार्फत् प्रत्यक्ष प्रशारण गरिनेछ ।

- कर्पोरेट कार्यालय

**प्रेस विज्ञप्ती**

वैदेशिक रोजगार व्यवसायी संघ, झापाका सचिव श्री चन्द्र प्रसाद पाठक (सी. पी.) ले सञ्चालन गर्नु भएको त्रिवेणी एचआर सोलुशन प्रा. लि. को शाखा कार्यालय बिर्तामोड झापामा रिसेप्सन पदमा कार्यरत कर्मचारी अन्दाजी वर्ष १९ की मनिषा लोहार मिति २०८१ भाद्र २८ गते शुक्रबार कार्यालयबाट आफ्नो डेरातर्फ फर्कने क्रममा अपरिचित व्यक्तिको पटक-पटक छुरा प्रहारबाट साङ्घातिक हमलामा परि सख्त घाइते भएकी लोहार उपचारार्थ अस्पताल पुर्‍याइएता पनि बी एण्डा सी अस्पताल स्रोतले मृत घोषणा गरेको खबरले वैदेशिक रोजगार व्यवसायी संघ, झापा लगायत सिङ्गो वैदेशिक रोजगार व्यवसायीहरुलाई मर्माहत एवम् स्तव्ध तुल्याएको छ ।

समाजमा घट्ने यस्ता अप्राकृतिक घटना प्रति संघ घोर भर्त्सना गर्दछ । यस घटनाको निष्पक्ष छानबिन गरि सत्य तथ्य बाहिर ल्याउँदै दोषी माथि कडा भन्दा कडा कार्यवाहीका निम्ति सम्बन्धित निकाय समक्ष संघ जोडदार माग राख्दछ । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति इष्ट देवले प्रदान गरुन भन्दै हार्दिक समवेदना एवम् मृतकको आत्मको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

भावपूर्ण श्रद्धांजली!



स्व. मनिषा लोहार

अध्यक्ष
धन बहादुर पंधाक
वैदेशिक रोजगार व्यवसायी संघ, झापा

**मोटरसाइकल सर्भिसिङ**

**गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टस्हरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।



सम्पर्क :

**सेवा ग्यारेज**

गलगलिया, भादगाउँ (मेचीपारी)

मो. ९७६३५२८४२०,९७०३२९५२८१

इन्डियन नं. +९१९६०८३४७५२३





## सम्पादकीय

# गौरव पलेशा

**नेपालमा पनि 'ओलम्पिक्स' पदक भित्रिएको छ । नियमित ओलम्पिक खेलमा तामझाम धेरै भए पनि पदक भने पारालम्पिकमा प्राप्त भएको हो । पारालम्पिक अपाङ्गता भएका खेलाडीहरूको विश्वस्तरीय खेलकुद प्रतियोगिता हो ।**

**पहिले खासै चासो नराखे पनि पलेशा गोवर्धनले नेपाललाई तेक्वान्दोमा कास्य पदक दिलाएपछि भव्य स्वागत गरिएको छ । पेरिसमा पारालम्पिक्स, २०२४ अन्तर्गत भएको पारातेक्वान्दोको महिला ५७ केजीमुनिको प्रतियोगितमा पलेशाले  कांस्य पदक जितेकी हुन् ।**

**पलेशालाई युवा तथा खेलकुदमन्त्रीलगायतले विमानस्थलमै स्वागत गरेका थिए । उनलाई ससम्मान नगरपरिक्रमा गराइएको छ । नेपालका खेलाडी जुन वर्गमा भए पनि सम्भावनायुक्त छन् भन्ने यसबाट पुनः पुष्टि भएको छ । पलेशाको विजयी निश्चय पनि राष्ट्रिय हर्ष र गौरवको विषय हो । पलेशाले भनेजस्तै यो सफलताको अपनत्व सबै नेपालीले लिनसक्छन् । राज्यको साथ र सहयोग पाउने हो भने अझै अगाडि बढ्ने उनको सपना पनि पक्कै पूरा हुनेछ ।**

**पारालम्पिक्स खेलाडीले राष्ट्रलाई पहिलो ओलम्पिक पदक दिलाएको विषयलाई मन्त्रीलगायत खेलकुद परिषद्का पदाधिकारीले कति गम्भीरतापूर्वक लिनेछन् भन्ने आउँदा दिनमा देखिने नै छ । नेपालको अपाङ्गता अधिकार आन्दोलनप्रति पनि राज्यको ध्यानाकर्षण गराउन सके पलेशाको विजय थप सार्थक हुनेछ ।**

**नेपालको सरकारमात्र होइन समाज र परिवारसमेतमा अपाङ्गता भएका व्यक्तिको क्षमताप्रति भ्रम र दुराग्रह रहेको छ । अपाङ्गता भएका विद्यार्थीलाई भर्ना नगर्ने विद्यालय भएको मुलुकमा अरू धेरै अपेक्षा गर्नु पनि सायद मूर्खता हुन्छ ।**

**अपाङ्गताका भएका व्यक्तिहरूको समान अवसर उपलब्ध गराउने न्यायोचित अधिकार चरितार्थ गर्न समय लाग्ला । तर, खेल क्षेत्रमा अपाङ्गता भएका खेलाडीलाई समान अवसर र सुविधा प्राप्त भए खेर नजाने रहेछ भन्ने त पलेशाको उपलब्धिले पुष्टि गरिसकेको छ ।**

**व्यावसायिक क्षेत्रका साथै राज्यले पनि अपाङ्गता भएका खेलाडीको खोजी र तालिममा उपयुक्त प्राथमिकता दिनुपर्छ भन्ने सरकारी पदाधिकारीले पनि बुझिसकेको हुनुपर्ने हो । हामी कीर्तिमानी पलेशा गोवर्धनलाई हार्दिक बधाई तथा अझ अगाडि बढ्ने सफलताको शुभकामना !**

# निर्वाचन व्यवस्थापन सुधार



• डा. जानकीकुमारी तुलाधर

निर्वाचन आयोग ऐन, २०७३ मा निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार गर्नु निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार हुने उल्लेख छ । आयोगको रणनीतिक योजनाले पनि अन्तर्राष्ट्रिय सङ्घसंस्थासँगको आबद्धता विस्तारलाई नीतिगत रूपमा स्वीकार गरेको छ । जस अनुसार आयोग दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च फेम्बोसाको संस्थापक सदस्य हो । निर्वाचन आयोगले यसको बैठकमा नियमित रूपमा सहभागिता जनाउँदै आइरहेको छ ।

फेम्बोसा दक्षिण एसियाली आठ राष्ट्रका निर्वाचन व्यवस्थापन गर्ने निकायको साझा सङ्गठन हो । दक्षिण एसियाली राष्ट्रका निर्वाचन व्यवस्थापन निकायबिच नियमित सम्पर्क कायम राख्ने, निर्वाचन व्यवस्थापनसम्बन्धी विषयका सिकाइ आदानप्रदान गर्ने, स्वच्छ र स्वतन्त्र निर्वाचन गर्न समन्वय कायम गर्ने जस्ता उद्देश्य राखी यसको स्थापना भएको हो । फेम्बोसाको बैठक हरेक वर्ष सदस्य राष्ट्रले पालैपालो आयोजना गर्ने व्यवस्था छ । बैठकमा निर्वाचन व्यवस्थापन निकायका प्रमुख तथा अन्य पदाधिकारीहरू उपस्थित भई निर्वाचन व्यवस्थापनका विषयमा अनुभव आदानप्रदान गर्ने, नयाँ विषयमा साझा धारणा विकास गर्ने, समान समस्या समाधानका लागि पहल गर्ने आदि कार्य गरिँदै आइएको छ । प्रत्येक वर्ष हुने बैठकमा संयुक्त घोषणापत्र जारी हुने र घोषणापत्रमा उल्लेख भएबमोजिमका गतिविधि सदस्य राष्ट्रका निर्वाचन व्यवस्थापन निकायले आफ्नो कार्यक्रमभित्र समावेश गरी कार्यान्वयन गर्ने प्रचलनसमेत रहँदै आएको छ ।

सन् २०२४ सम्म फेम्बोसाका १२ वटा बैठक सम्पन्न भएका छन् । पहिलो बैठक सन् २०१० मा बङ्गलादेशमा, दोस्रो बैठक सन् २०११ मा पाकिस्तानमा, तेस्रो बैठक सन् २०१२ मा भारतमा, चौथो बैठक सन् २०१३ मा भुटानमा, पाँचौँ बैठक सन् २०१४ मा नेपालमा, छैटौँ बैठक सन् २०१५ मा श्रीलङ्कामा, सातौँ बैठक सन् २०१६ मा माल्दिभ्समा, आठौँ बैठक सन् २०१७ मा अफगानिस्तानमा, नवौँ बैठक सन् २०१८ मा बङ्गलादेशमा, १० औँ बैठक सन् २०२० मा भारतमा, ११ औँ बैठक सन् २०२२ मा भुटानमा र १२ औँ बैठक सन् २०२४ मा नेपालमा सम्पन्न भएका थिए । बैठकमा दशो सोनाम टोप्गे, प्रमुख निर्वाचन आयुक्त, भुटान निर्वाचन आयोग, नितेश कुमार व्यास, वरिष्ठ उपनिर्वाचन आयुक्त, भारत निर्वाचन आयोग, फुवाद थोउफिक, अध्यक्ष, माल्दिभ्स निर्वाचन आयोग, दिनेश कुमार थपलिया, प्रमुख निर्वाचन आयुक्त, नेपाल निर्वाचन आयोग र आरएमएएल रत्नायके, अध्यक्ष, श्रीलङ्का निर्वाचन आयोग सहभागी हुनुहुन्थ्यो ।

आयोगको आयोजनामा यही भदौ १९ र २० गते काठमाडौंमा सम्पन्न फेम्बोसाको १२ औँ बैठकमा दक्षिण एसियाली मुलुकका निर्वाचन व्यवस्थापन गर्ने निकायको साझा मञ्चका सदस्य राष्ट्रहरूमध्ये नेपाल, भारत, भुटान, श्रीलङ्का र माल्दिभ्सका निर्वाचन आयोगका प्रमुख तथा उच्च अधिकृतको उपस्थिति रहेको थियो । बैठकमा निर्वाचन सम्बन्धमा विश्वव्यापी रूपमा देखिएका प्रवृत्तिका सम्बन्धमा छलफल हुनुका साथै 'निर्वाचन र जलवायु परिवर्तन,' 'निर्वाचन र आप्रवासन' र ' निर्वाचन र सामाजिक सञ्जाल' गरी तीन वटा विषयमा विज्ञहरूबाट कार्यपत्र प्रस्तुत गरी विस्तृत छलफल गरिएको थियो । सम्मेलनको अन्त्यमा निर्वाचन व्यवस्थापनका लागि आगामी दिनमा गर्नुपर्ने सुधारका पक्षहरूमा केन्द्रित रही १२ बुँदे काठमाडौँ घोषणापत्र जारी गरिएको छ ।

घोषणापत्रमा उल्लिखित समग्र उद्देश्य प्राप्त गर्नका लागि बैठकमा सहभागीले एकआपसमा सहकार्य र समन्वयलाई प्रवर्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । स्वतन्त्र, निष्पक्ष र पारदर्शी ढङ्गले निर्वाचन सञ्चालन गर्ने प्रतिबद्धता सहभागीहरूले गरेका छन् । फेम्बोसामा आबद्ध निर्वाचन व्यवस्थापन निकायहरूको संस्थागत साथै मानव संसाधन क्षमतामा सुदृढीकरणको महत्वलाई जोड दिँदै, तिनीहरूलाई आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी, कुशल र शीघ्र पूरा गर्न सक्षम बनाउन एकआपसमा सहकार्यलाई अझ विस्तार र संस्थागत गर्दै लगिने प्रतिबद्धता पनि गरिएको छ । यस मञ्चलाई यसको घोषणापत्र अनुसार प्रभावकारी बनाउन सदस्यबिच निरन्तर सहकार्य र सहयोगको आवश्यकतालाई जोड दिइएको छ ।

निर्वाचन व्यवस्थापनका समग्र क्षेत्रमा अनुभव, विशेषज्ञता, उत्कृष्ट अभ्यास र प्रयोग भएका मोडलहरूको आदानप्रदानको माध्यमबाट बढ्दो सहकार्यको गतिलाई अझै बढाउने प्रतिबद्धता बैठकमा गरिएको छ । निर्वाचन व्यवस्थापनमा विद्यमान र नयाँ चुनौतीहरूको सामना गर्न सहकार्यात्मक प्रयासलाई अझ सुदृढ पार्ने साझा सङ्कल्पलाई जोड दिइएको छ । यस क्षेत्रीय संयन्त्रलाई पारस्परिक लाभका लागि थप सुदृढ पार्न फेम्बोसाका सदस्यले इमानदार प्रतिबद्धतालाई पुनः पुष्टि गर्ने प्रतिबद्धता पनि बैठकमा गरेका छन् । भुटान निर्वाचन आयोगको उत्कृष्ट नेतृत्व र फेम्बोसाको घोषणापत्र अनुसार सदस्य राष्ट्रहरूको साझेदार र समन्वयात्मक दृष्टिकोणद्वारा विगत दुई वर्षको उत्कृष्ट योगदानका लागि बैठकले कृतज्ञता पनि प्रकट गरेको थियो । बैठकमा फेम्बोसाको अध्यक्षता नेपाललाई हस्तान्तरण गरिएको थियो ।

**फेम्बोसाको काठमाडौँ घोषणापत्र**

जनताको शान्ति, स्थिरता र समृद्धिका लागि जीवन्त लोकतन्त्रको संस्थागत निर्माणमा सबै तहका निर्वाचनको निष्पक्षता, इमानदारी र पारदर्शिता कायम राख्नु महत्वपूर्ण छ । कोभिड–१९ को महामारीबाट हामीले यो पाठ सिकेका छौँ कि यस्ता चुनौतीपूर्ण समयमा लोकतन्त्र र निर्वाचनको विश्वसनीयता गम्भीर जोखिममा पर्न सक्छ, त्यसैले हामीले यस्ता अप्रत्याशित र सङ्कटपूर्ण परिस्थितिहरूसँग जुध्न सहकार्यात्मक दृष्टिकोण अपनाउनु पर्छ । लोकतान्त्रिक शासन प्रणालीमा निर्वाचन प्रक्रियाको महत्वपूर्ण भूमिका हुन्छ । फेम्बोसाका सदस्यहरूले एकअर्काप्रति बलियो ऐक्यबद्धता व्यक्त घोषणापत्रमा गरेका छन् । लोकतान्त्रिक मान्यता र मूल्यहरूलाई प्रवर्धन गर्न निर्वाचन इमानदारी कायम राख्न प्रतिबद्ध रहने घोषणापत्रमा उल्लेख छ । निर्वाचन व्यवस्थापन गर्ने संस्थाहरूको संस्थागत साथै मानव क्षमतामा सुदृढीकरण गर्न विभिन्न उपायको खोजी गर्दै सहकार्यको खोजीमा सदस्यको प्रतिबद्धतालाई पुनः पुष्टि गर्ने उल्लेख गरिएको छ ।

निर्वाचन व्यवस्थापन निकायबिच ज्ञान उत्पादन र अन्य सम्बन्धित अध्ययन रिपोर्टहरू र अनुसन्धान प्रकाशनको आदानप्रदान गरी आपसी सहयोग र संलग्नता, नीतिगत नवीनता तथा शिक्षालाई थप प्रवर्धन गर्न पुनः प्रतिबद्धता व्यक्त गरिएको छ । भारतको अन्तर्राष्ट्रिय लोकतन्त्र र निर्वाचन व्यवस्थापन संस्थान र भारत निर्वाचन आयोगलाई सदस्य राष्ट्रहरूको निर्वाचन संस्थाहरूमा कार्यरत व्यक्तिहरूको क्षमता, सिप र ज्ञान बढाउन कार्यशाला, सेमिनार र विभिन्न तालिम कार्यक्रमको आयोजना गरेकोमा हार्दिक कृतज्ञता प्रकट गर्दै घोषणापत्रमा भविष्यमा पनि यस्ता तालिम कार्यक्रम र कार्यशाला प्रदान गर्न सम्बन्धित संस्थाहरूलाई आग्रह गरिएको छ ।

जलवायु परिवर्तनले अर्थतन्त्र, जनस्वास्थ्य, जीविकोपार्जनलगायत निर्वाचन प्रक्रिया र संस्थामा प्रतिकूल प्रभाव पार्दै मानव अस्तित्वको खतरा उत्पन्न गरेकाले, वातावरण संरक्षण र संरक्षणका लागि हाम्रो सामूहिक प्रयासको रूपमा नवीन, स्रोत कुशल र वातावरणमैत्री निर्वाचन व्यवस्थापन प्रविधि र अभ्यासलाई प्रवर्धन गर्ने तथा लागु गर्ने प्रतिबद्धता घोषणापत्रमा गरिएको छ । नवीन सामाजिक सञ्जाल प्लेटफर्मबाट उत्पन्न अवसरहरूलाई लाभ उठाउन सामान्य रणनीति र कार्य योजना निर्माण गर्न र यी उदीयमान प्राविधिक विकासबाट आउने जोखिम र चुनौतीलाई नियन्त्रण र कम गर्न सहयोग प्रवर्धन गर्न फेम्बोसाका सदस्य सहमत भएका छन् ।

सबै निर्वाचन प्रक्रियामा आइसिटीको उपयुक्त प्रयोगले निर्वाचनसम्बन्धी प्रक्रिया सञ्चालन, व्यवस्थापन र नियमन गर्न साथै मतदाता, राजनीतिक दल र तिनका उम्मेदवारलाई निर्वाचनसम्बन्धी विषयमा संवेदनशील बनाउन मह‌त्वपूर्ण भूमिका खेल्छ भन्ने कुरामा फेम्बोसाका सदस्यले साझा दृष्टिकोण बनाएका छन् । डिजिटल उपकरण र प्रविधिको उच्चतम विकासले निर्वाचन प्रणालीमा नयाँ अवसर र चुनौती दुवै सिर्जना गरेको विषयलाई पनि घोषणापत्रमा उल्लेख गरिएको छ ।

रोजगार, शिक्षा वा अन्य विविध उद्देश्यका लागि बाहिर रहेका योग्य नागरिकलाई सम्बन्धित फेम्बोसा सदस्य राष्ट्रहरूको प्रचलित कानुनको पालना गर्दै निर्वाचन प्रक्रियामा समावेश गर्नका लागि गरी बढीभन्दा बढी सहभागी, समावेशी गरी बढी बनाउन व्यावहारिक उपाय अवलम्बन गर्न सदस्य राष्ट्रहरू सहमत भएका छन् । साझा उद्देश्य प्राप्त गर्न र निर्वाचन व्यवस्थापनलाई परिणाम-केन्द्रित परिणाम प्राप्त गर्न विगतका सम्मेलन/बैठकमा गरिएका महत्वपूर्ण निर्णय र सहमतिको प्रभावकारी, समयमै र शीघ्र कार्यान्वयनको जोड दिइएको छ । घोषणापत्रमा नेपाल निर्वाचन आयोगले फेम्बोसाको अध्यक्षता ग्रहण गरेकोमा बधाई दिइएको छ । साथै फेम्बोसाको घोषणापत्रका उद्देश्य र भावनालाई साकार पार्नका लागि यस कार्यकालमा पूर्ण सहयोग र समर्थन दिने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

सदस्य राष्ट्रको निर्वाचन व्यवस्थापन निकायमा फेम्बोसाको सचिवालय गठन गर्ने सहमति बैठमा गरिएको छ । सचिवालयले फेम्बोसाको सदस्यको निर्वाचन आयोगहरूसँग नियमित सम्पर्क राख्ने, सामूहिक रूपमा अपनाइएका महत्वपूर्ण नीति साथै कार्यक्रमगत उपायको अभिलेख अद्यावधिक राख्ने, फेम्बोस अन्तर्गत सहकार्यात्मक कार्यको आयोजना गर्ने अपेक्षा गरिएको छ । बाहिरिने अध्यक्षले अर्को फेम्बोसा सम्मेलन/बैठकमा नेतृत्व प्रतिवेदन प्रस्तुत गर्ने विषयमा पनि घोषणापत्रमा समावेश गरिएको छ ।



Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# भन्ने मानव, बन्ने दानव !



• राजकरण महतो

गरिबी र बेसहाराले लचार थिइन् तर सत्कर्म गरेरै जीवन चलाइरहेकी थिइन्। त्यसैले पसिनाकै सुवासमा रमाइरहेकी थिइन्। सायद रुवी (नाम परिवर्तन)ले जिन्दगीको साँचो अर्थ बुझेकी थिइन्। यस्तै गरिब जीवनको मैदानमा यौन पिपासु उमेश मण्डल (४४)ले रुवीमा आँखा गाडे। जालमा पारे। अनि रुवीलाई लुटे, लुटिरहे।

अति भएपछि उनले प्रतिकार गरिन्। उल्टै करेन्ट लगाएर यातना दिए उनले। अनि इज्जत लुटिरहे। तै पनि उनको जीवनमाथि उमेशले धावा बोलिरहे। त्यसरी मार्नौ जसरी गिद्धले मरेको सिनोको हड्डी पनि ढुँगिरहन्छ। '...यो क्रम १८ भदौ २०८१ को रातभर चल्यो। बलात्कार गरेको रिपोर्ट पनि आएको छ। करेन्ट लागेर हातका औंलाहरू जल्दा रुवीले औंलाहरू गुमाउनु परेको छ', जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी सन्तुलालप्रसाद जैसवाल भन्छन्, 'पीडाको त कुरै नगरौं, कति हो। धन्न उनी बाँचिछन्।

घटना सुन्दै जीउ सिरिङ्ग हुन्छ। रुवीले त्यो पीडा कसरी सहिहोलिन् ? कसरी बाँचिहोलिन् ? पीडामाथि पीडा अनि दुःखमाथि दुःख। यो जसलाई पऱ्यो, उसैलाई थाहा हुन्छ पीडा कस्तो हुन्छ भनेर ! मृत्युलाई जितेर फर्केकालाई थाहा हुन्छ सायद जीवनको महत्व। रुवीले पुनर्जीवन पाएकी छन्। पापीले लगाइदिएको करेन्टले उनका दाहिने हातका औंलाहरू जलाइदिएको छ। अहिले उनी प्रदेशीक अस्पताल जलेश्वर महोत्तरीमा उपचाररत छन्।

भन्ने मानवता, देखाउने दानवीयता : कहिले होटलमा त कहिले चिउरा मिलमा काम गर्थिन रुवी। होटलमा भाँडा मस्काउने उनलाई साहुले कामबाट निकालिदिए। दुःखमा सुख बोकेर आए उमेश मण्डल उनको साम्। मानवताको छाता ओढाउँदै उपचार गराइदिने र काम खोजी दिने भन्दै। त्यही होटलमा चिनजान भएपछि उमेशले उसको मोबाइल नम्बर लिएका थिए।

रुवी भन्छिन्, 'बगाउन लागेको खोलामा एउटा छेस्को पनि सहारा हुन्छ भन्ने सुनेकाले आश लाग्यो।' बाल्यकालमै बुवाआमा गुमाइन् उनले। भएको विवाह पनि टुटेको थियो उनको। एकपछि अर्को पीडा ! पीडैपीडाको समुन्द्रमा डुबेको छ रुवीको २२ वर्षे जिन्दगी आजसम्म। बेसहारा बनेकै कारण उनी होटलको कामदार बन्न बाध्य भइन्। अनि अहिले त्यही भेट हुँदा सहारा दिन्छु भन्नेबाटै शिकार बनिन्।

कुरो हो, भदौ १८ गते दिउँसोको। बिरामी रुवीलाई उमेशले प्राथमिक स्वास्थ्य केन्द्र रामगोपालपुरमा लगे। जहाँ उनले मानवताको नाटक गरे। साँझ परेकाले भुक्याएर घर लगे। रात बित्दै गयो। उमेशको मानवता हराउँदै गयो। पिउँदै नसामा लठ्ठिँदै उनी रुवीको इज्जतमाथि धावा बोल्न थाले। कपडा च्यातिदिए। उनले प्रतिकार गरिन्। उमेशले रुवीको शरीरमा करेन्ट लगाइदिए। दाहिने हात जल्यो। धन्न बाँचिन्। यौन पिपासु उमेशले पटक-पटक बलात्कार गरिरहे। अन्तत: यतिबेला रुवी बाँच्ने अभिलाषामा अस्पताल छन्। तथ्यांक हेर्ने हो भने थाहा हुन्छ, सयौं रुवी यसरी नै बलात्कृत छन्, अन्यायमा छन्। किनकि बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा बलात्कारका ९ सय २२ घटना भए। त्यसमा ५ सय १५ आरोपी पक्राउ परे। बाँकी अझै फरार छन्।

करेन्ट लगाएर बचाउने नाटक : घरमा भदौ १९ गते बिहानको समय। रामगोपालपुर नगरपालिका–३ डोलाठीतिरबाट हुइँकिँदै एम्बुलेन्स आयो। प्राथमिक स्वास्थ्य केन्द्रमा एम्बुलेन्स पुगेर ब्रेक लगायो। त्यसमा थिइन्, घाइते रुवी छट्पटिँदै। उनै पापी उमेशले रुवीलाई बनाएका थिए, यस्तो हालतमा। अनि अस्पताल ल्याएका थिए। 'करेन्ट लाग्यो' भनेर नाटक रच्दै बचाउने बहानामा। जब रुवी भर्ना भइन् तब उमेश त्यहाँबाट कुलेलम ठोके सम्भवतः यहाँ बसिरहे अब पक्राउ परिन्छ भन्ने डरले।

बिहानको चार ४ बज्दै थियो। स्वास्थ्यकर्मीले फोन गरे, 'करेन्ट लागेको बिरामी आएको छ बिरामी ल्याउने मान्छे कहाँ गयो गयो, पत्तो छैन। प्रहरी टोली पठाइदिनु परो।' प्रहरी अस्पताल पुग्यो। पीडित रुवीले घटनाबारे इतिवृत्तान्त सुनाइन्। लगत्तै उमेशलाई प्रहरीले पक्रियो अनि सोधपुछ गऱ्यो। घटना स्वीकार गर्न इन्कार गरे उमेशले। रुवीको स्वास्थ्य परीक्षण गर्दा रिपोर्टले भन्यो, बलात्कार भएको हो।

विवशतामा पारेर बलात्कार : होटलमा काम गर्दा कसैले मालिकलाई कुरा लगाइदियो। अनि निकालिइन् उनी। यो सबै गर्ने मान्छे पनि उमेशकै थिए। आउने-खाने क्रममा चिनजान भयो उमेशको रुवीसँग। चिनजान भएको ८–१० दिनमै फोन नम्बर साटासाट भयो। 'बर्दिबास लगेर राम्रो काम लगाइदिन्छु' उमेशले रुवीलाई फकाए। तर, रुवीले उमेशले आफूलाई जालमा पार्न लागेको थाहा पाइनन्। इलाका प्रहरी कार्यालय रामगोपालपुरका प्रमुख रामकुमार यादवका अनुसार त्यो दिन वर्षा हुँदै थियो। त्यो बहानामा उमेशले रुवीलाई आज मेरो घर बस भन्दै घर लगेको थियो। घर पुग्दा ६–७ बजिसकेको थियो। 'मेरो घरमा परिवार छ छोरोछोरी छ। यतै बस। भोलि बर्दिबास लगेर काम लगाइदिन्छु' भनेपछि रुवी मख्ख थिइन् जीवनको नयाँ अध्याय सुरु हुने अपेक्षामा। घर पुग्दा कोही नभएपछि उनी डराइन्। फर्किने प्रयास गरिन्, तर, उमेशले माछाभात खुवाउने भनेर अल्झाए। अर्को जाल फालेर अल्झाएको पनि उनलाई पत्तो भएन कि ! उमेश परिवार र छोराछोरी कसैलाई घरमा बस्न दिँदैनन्। अराजक तथा हिंस्रक मानसिकता भएकाले सँगै बस्ने अवस्था भएन सायद। यसरी उनले श्रीमती र सन्तानलाई घरबाट लखेटेका थिए जुन रुवीले थाहा पाउने कुरै भएन। प्रहरी भन्छन्, 'यसरी रुवीलाई लछारपछार गऱ्यो उमेशले। कपडा च्यातिदियो, करेन्ट लगाइदियो। दायाँ हात नै जलाइदियो। गर्नसम्म गऱ्यो, अनेक गऱ्यो।'

न्याय देउ सरकार : 'बचाऊ, बचाऊ !', घटना हुँदा उनले गाउँलेसँग गुहार मागिन्, रोइन्, चिच्याइन् अनि कराइन्। उनको बोली दबाउन उमेशले करेन्ट लगाइदिए। मुख बन्द गरे। बलात्कार गरे, गरिरहे। अति भएपछि उनी बेहोस भए भुईंमा ढलिन्। मध्यरातपछिको बिहान सुरु भयो, त्यस्तै ३–४ बजेको हुँदा हो। करेन्ट लाग्यो भनेर घटना लुकाउन उमेशले योजना बनाए र एम्बुलेन्सलाई खबर गरेर रुवीलाई अस्पताल पुऱ्याए अनि भागे। अस्पतालमा रुवी जीवन-मरणको दोसाँधमा छन्। उमेश प्रहरी खोरमा। जबर्जस्तिकरणी भनी मुद्दा दर्ता गरेर प्रहरीले अनुसन्धान बढाएको छ रुवीहरू जस्ता सयौं भुइँमान्छेले न्याय पाउनैपर्छ अझ, भन्नैपर्दा, यस्तो अवस्था आउन नदिने कि ?

# ब्याडमिन्टनको उपाधि बोगटी+चौधरी र गुरुङ+ठकुरी जोडीलाई




भद्रपुर(प्रस) । कोशी प्रदेशस्तरीय पुरुष भेट्रान्स डबल्स ब्याडमिन्टन प्रतियोगिताको उपाधि राजधानी ब्याडमिन्टन क्लबका जीवन बोगटी र सुनसरीका श्रवणकुमार चौधरीको जोडीले उचालेको छ ।

आइतवार भएको फाइनल खेलमा विराट ब्याडमिन्टन क्लबका चन्द्रकुवेर खापुङ र उत्तम सिंखडालाई हराउँदै बोगटी र चौधरीले उपाधि जितेका हुन् ।सुरुवाती सेटमा १४-२१ को अग्रता लिए पनि दोस्रो र तेस्रो सेटमा २१-१७ र २१- १४ को पराजय भोगेपछि खापुङ र सिंखडा दोस्रोमा सीमित भए । उपाधिसँगै भेट्रान्स डबल्स विजेता बोगटी र चौधरीले नगद ४० हजार रुपैयाँ, ट्रफी र मेडल पाए । उपविजेता बनेका खापुङ र सिंखडाले नगद ३० हजार रुपैयाँ, ट्रफी र मेडल पाएको आयोजक झापा जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष दिपेश ढकालले बताए ।

त्यस्तै, तेस्रो भएका धनकुटाका किरण प्रधान र शिखर श्रेष्ठको जोडी तथा बिर्ता ब्याडमिन्टन क्लबका सञ्जय भक्तराज र विष्णु तामाङले नगद १०-१० हजार रुपैयाँ, ट्रफी र मेडल पाएको सचिव तीर्थराज ढकालले जानकारी दिए ।

यसैबीच, पुरुष खुला डबल्सतर्फ पूर्वाञ्चल एपिएफका भोजबहादुर गुरुङ र प्रनिससिंह ठकुरीको जोडी च्याम्पियन बनेको छ । फाइनलमा उनीहरुले संखुवासभाका सुनिल कार्की र मोरङका महेश खड्काको जोडीलाई सोझो सेटमा हराए । पहिलो सेट प्रतिस्पर्धात्मक भए पनि दोस्रो सेटमा सम्हालिन नसक्दा कार्की र खड्का उपाधिबाट चुके ।

गुरुङ र ठकुरीको जोडीले २३-२१ र २१-१८ को रिजल्ट निकाल्दै उपाधि रक्षा गरेको हो । उपाधिसँगै उनीहरुले नगद ५० हजार, ट्रफी र मेडल पाए । उपविजेता भएका कार्की र खड्काको जोडीले नगद ३० हजार ट्रफी र मेडलमा चित्त बुझायो । तेस्रो स्थानमा सीमित भएका मोरङका सुप्रिम पन्त र लाक्पा शेर्पाको जोडी तथा तेह्रथुमका विवेक कन्दङवा र पाँचथरका नेल्सन राईको जोडीले नगद १०-१० हजार, ट्रफी र मेडल पाएको संघका उपाध्यक्ष तथा प्रतियोगिता संयोजक दिपक घिमिरेले बताए । भद्रपुरको मेची रंगशालाको कभर्ड संघका अध्यक्ष ढकालको पहलमा स्तरोन्नति गरेर प्रतियोगिता गराइएको हो ।

विजेतालाई प्रमुख अतिथि भद्रपुर नगरप्रमुख गणेश पोखरेल, नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक राजेश उप्रेती, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका निवर्तमान अध्यक्ष टिकाराज ढकाल, संघका अध्यक्ष दिपेश ढकाललगायतले नगद, ट्रफी तथा मेडल प्रदान गरेका थिए ।

# केजरीवालद्वारा २ दिनभित्र राजीनामा दिने घोषणा



एजेन्सी । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पदबाट राजीनामा दिने घोषणा गरेका छन् । केजरीवालले आइतबार दिल्लीमा कार्यकर्तालाई सम्बोधन गर्दै दुई दिनभित्र राजीनामा दिने र जनताले 'इमान्दारीको प्रमाणपत्र' नदिएसम्म मुख्यमन्त्रीको पदमा नफर्कने घोषणा गरेका हुन् । 'जनताले इमान्दारी र निष्ठाको प्रमाण दिएपछि मात्र म मुख्यमन्त्रीको कुर्सीमा बस्छु । जेलबाट रिहा भएपछि म अग्निपरीक्षा दिन चाहन्छु,' उनले भनेका छन् । केजरीवालले दिल्लीको विधानसभा चुनाव नोभेम्बरमै गर्नसमेत माग गरेका छन् । दिल्ली विधानसभा चुनाव आगामी फेब्रुअरीका लागि तय गरिएको छ ।
केजरीवालको राजीनामा घोषणालाई भारतीय जनता पार्टी (भाजपा) ले भने ' प्रचारबाजी' भएको जनाएको छ । भाजपा प्रवक्ता प्रदीप भण्डारीले समाजिक सञ्जाल एक्समा ट्वीट गर्दै दिल्लीका जनता आफूविरुद्ध भएको थाहा पाएपछि केजरीवालले 'स्टन्ट' गरेको दाबी गरेका हुन् ।
कथित दिल्ली मदिरा भ्रष्टाचार प्रकरणमा जेल परेका केजरीवालन शुक्रबार सर्वोच्च अदालतको आदेशपछि रिहा भएका थिए । केन्द्रीय जाँच ब्युरो (सीबीआई) द्वारा गरिएको गिरफ्तारीविरुद्ध उनले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए । सर्वोच्चका न्यायाधीशद्वय सूर्यकान्त र उज्जल भुइयाँको इजलासको आदेशपछि उनी रिहा भएका थिए ।

उनीविरुद्धको मुद्दाको सुनुवाइ सेप्टेम्बर ५ मै सकिएको भए पनि अदालतले फैसला सुरक्षित राखेको थियो । सर्वोच्च अदालतले तत्काल पूर्ण सुनुवाइ सकिने सम्भावना नरहेकाले ' व्यक्तिगत स्वतन्त्रता' लाई मध्यनजर गर्दै केजरीवाललाई धरौटीमा छाडिएको जनाएको थियो । न्यायाधीश भुइयाँले सीबीआई र ईडी (प्रवर्तन निर्देशनालय) द्वारा जुन आधार देखाएर केजरीवाललाई हिरासतमा राखिएको छ, त्यो न्यायको उपहास हुने बताएका थिए ।

## आज झापाका पाँच पालिकामा स्थानीय विदा

झापा(प्रस) । झापाको एक नगरपालिकासहित पाँच पालिकाले आज सार्वजनिक विदा दिएका छन् । भद्रपुर नगरपालिका, बाह्रदशी,कचनकवल, झापा र गौरीगञ्ज गाउँपालिकाले आज स्थानीय विदा दिएका छन् । मुस्लिम समुदायको पर्वको लागि ती पालिकाले विदा दिएको जनाएका छन् । आज इस्लाम धर्मावलम्वीहरुको पैगम्बर हजरत महमद मुख्ताफ सल्लल्लाहो अलौही वासल्लमको १४५३ औ जन्मजयन्ती परेको छ । भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेल, बाह्रदशी गाउँपालिकाका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँई , गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी , झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया र कचनकवल गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव मैनालीले छुट्टाछुट्टै सूचना जारी गरी आज आफ्ना पालिका कार्यालय , मातहतका शाखा , वडा कार्यालय , विद्यालय , स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरु बन्द रहने जनाएका छन् ।

# जुवा खालबाट गाउँपालिकाका पूर्वअध्यक्षसहित ९ जना पक्राउ

विराटनगर(प्रस) । मोरङको ग्रामथान गाउँपालिका-४ कटहरामा लामो समयदेखि संचालित जुवा खालमा प्रहरीले शनिबार राति छापा हानेको छ । जुवा खालबाट ग्रामथान गाउँपालिकाका पूर्वअध्यक्षसहित ९ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जुवा खेल्दै गर्दा राति ८ बजेतिर पक्राउ परेकाहरूबाट १८ लाखभन्दा बढी नगद बरामद भएको छ । कटहराको बाँसघारीभित्र लामो समयदेखि अवैध जुवा खाल चलिरहेको थियो । खालमा मधेस प्रदेशको महोत्तरी, कोशी प्रदेशकै धरान, दमक, दुहबी लगायतका स्थानमा घर भएकाहरू पनि जुवा खेल्न पुग्ने गरेका थिए । जुवा खेलिरहेका ग्रामथानका पूर्वअध्यक्ष ग्रामथान-४ का ५९ वर्षीय शिवनारायण माझी, महोत्तरीको गौशाला नगरपालिका-१ का ४५ वर्षीय महेश साह, सुनसरीको धरान उपमहानगरपालिका-१५ का ४५ वर्षीय युवक राई, दुहबी नगरपालिका-६ का ४५ वर्षीय जयकिशोर साह, झापाको दमक नगरपालिका-१० का ४६ वर्षीय ऋतुवर्ण नेम्वाङ, मोरङको सुन्दरहरैँचा नगरपालिका-१ का ५० वर्षीय जनककुमार मास्के, ३२ वर्षीय प्रताप राई, ग्रामथान-४ का ५५ वर्षीय अहिलाल माझी र लेटाङ नगरपालिका-९ का ३८ वर्षीय लोकनाथ सापकोटा पक्राउ परेका हुन् ।
पक्राउ पर्नेमध्ये शिवनारायण २०७४ सालको स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)का तर्फबाट ग्रामथान गाउँपालिकाको अध्यक्ष निर्वाचित भएका थिए । पक्राउ पर्ने अन्य व्यक्ति पनि प्रतिष्ठित र धनाड्यहरु रहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय हरैँचा तथा बेलबारी, जिल्ला प्रहरी कार्यालय मोरङ र कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको संयुक्त टोलीले जुवा खालमा छापा हानेको थियो ।

लामो समयदेखि जुवा खाल चलिरहेको विशेष सूचनाका आधारमा नियन्त्रणमा लिन कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी चन्द्रकुवेर खापुङ र मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले संयुक्त रूपमा टोली परिचालन गरेका थिए । जुवा खाल आसपासमा केही समयदेखि निगरानी बढाएको प्रहरी छापा हान्ने उपयुक्त समयको पर्खाइमा थियो ।
पक्राउ परेकाको साथबाट र जुवा खालबाट १८ लाख ५१ हजार ५ सय रूपैयाँ नगद, १६ थान कौडा, १२ बुक तास, पाडर, पैसा राख्न प्रयोग गरिने काठको बाकस, झोला, १५ वटा मोबाइललगायत बरामद भएको एसपी कार्कीले बताए । उनका अनुसार जुवा खालबाट १७ लाख २९ हजार ५ सय र पक्राउ परेकाको साथबाट १ लाख २२ हजार रूपैयाँ बरामद भएको हो । इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर कृष्णबहादुर खत्री नेतृत्वको टोलीले पक्राउ परेकाहरूमाथि थप अनुसन्धान गरिरहेको छ । उनीहरूमाथि मुलुकी अपराध संहिता, २०७४ अनुसार कानुनी कारबाही अघि बढाउने प्रहरीको तयारी छ । प्रहरीलाई छलेर ग्रामथानको कटहरास्थित बाँस झ्याङभित्र केही वर्षयता नियमित जुवा खाल संचालन गरिँदै आएको थियो ।

बाँसघारीभित्र व्यवस्थित हिसाबमा जुवा खाल कसले संचालन गरेको थियो भनेर पत्ता लाग्न बाँकी छ । तर, उक्त खाल ' बाह्रमासे' जुवा खालका रूपमा परिचित थियो । प्रहरीले लामो समयदेखि नियन्त्रणमा लिने प्रयास गरिरहे पनि सम्भव हुन सकिरहेको थिएन ।
प्रहरीका अनुसार जुवा खाल वरपर निगरानी गर्नका लागि खाल संचालकले तेतरिया बजारलगायतका विभिन्न स्थानमा पैसा दिएर मानिस खटाउने गरेका थिए । प्रहरी आउनसाथ निगरानीमा खटिएका व्यक्तिहरूको सूचनामार्फत जुवा खाल उठाएर जुवाडेहरु भाग्ने गरेका थिए । यसअघि पनि प्रहरीले जुवा नियन्त्रणमा लिने प्रयास गरेको थियो । तर, प्रहरीलाई परै देख्नासाथ खालबाट फरार भएका कारण जुवाडे पक्राउ परेका थिएनन् । एसपी कार्कीका अनुसार शनिबार राति भने अर्कै बाटो प्रयोग गरेर पुगेको प्रहरी टोली छापा हानेर जुवा खेलिरहेकाहरुलाई ठूलो रकमसहित पक्राउ गर्न सफल भएको हो । छापा हान्ने क्रममा केही व्यक्ति फरार भएको र उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार जुवा खाल कसले संचालन गरिरहेको थियो भन्ने यकिन गर्ने काम भइरहेको छ । 'घरमा भएको भए घरधनी पक्राउ पर्थे । बाँस झ्याङमा भएकाले कसले संचालन गरेको थियो भनेर खुलाउन गाह्रो भइरहेको छ । पक्राउ परेकाहरुले केही बताउन मानेका छैनन्,' एसपी कार्कीले भने, 'आफैं मिलेर खेलेको हो मात्रै भन्छन् । बाँकी कुरा अनुसन्धानपछि खुल्दै जान्छ । यस विषयमा विस्तृतमा अनुसन्धान अघि बढाइएको छ ।'

## म्यानमारमा बाढीका कारण ७४ जनाको मृत्यु, ८९ बेपत्ता

एजेन्सी । म्यानमारमा आएको भीषण बाढीका कारण सेप्टेम्बर १३ को साँझसम्म ७४ जनाको मृत्यु भएको छ । अन्य ८९ जना बेपत्ता भएका छन् ।
भारी वर्षाका कारण आएको बाढीले नेपी ताव, बागो, मण्डले र आयेवाडी क्षेत्रका साथै मोन, केइन र शान राज्यका ६४ वटा टाउनशिपका ४६२ गाउँ र वडाहरू प्रभावित भएका छन्।

विपद्ले बाढी प्रभावित क्षेत्रमा २४ पुल, ३ सय ७५ विद्यालय, एउटा गुम्बा, पाँच बाँध, चार प्यागोडा, १४ ट्रान्सफर्मर, ४५६ ल्याम्पपोस्ट र ६५ हजार ७ सय ५९ घर ध्वस्त भएको जनाएको छ । विपद्को प्रतिक्रियामा, नेपी ताव र विभिन्न राज्य र क्षेत्रहरूमा आवश्यक स्वास्थ्य सेवा, खाना र पिउने पानी उपलब्ध गराउन अस्थायी राहत शिविरहरू स्थापना गरिएको छ । अधिकारी र उद्धारकर्मीहरूले खोजी र उद्धार कार्य जारी राखेको बताएका छन् ।

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

**१५ दिने सूचना**

सधियार पूर्वः श्री विमला ढकाल, पश्चिमः सडक, उत्तरः श्री नीरज श्रेष्ठ, दक्षिणः सडक को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री रमेश श्रेष्ठले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | ०५ | १५४४ | १५९.३० | २०८१/०५/०४ | २०८१/०५/०६ | २०८१/०५/२७ |

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष: रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

मिथुन: छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कर्कट: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

सिंह: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ ।

कन्या: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

तुला: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

वृश्चिक: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

धनु: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

मकर: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

कुम्भ: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

मिन: दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।